# नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन, २०७७

१. नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (१) मा रहेका "नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७७" भन्ने शब्दहरु राख्ने ।

२. विधेयकको दफा ३ र ४ को सट्टा देहायका दफा ३ र ४ राख्ने :-

"३. **मूल ऐनको दफा ३ मा संशोधन**: मूल ऐनको दफा ३ को,-

(१) उपदफा (१) मा रहेको "हुँदा" भन्ने शब्दको सट्टा "हुँदाका बखत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) झिकिएको छ ।

(३) उपदफा (३) मा रहेका "नेपाल सरहदभित्र" भन्ने शब्दहरुको सट्टा "नेपालभित्र" भन्ने शब्द राखी सोही उपदफामा रहेका "पितृत्व मातृत्वको" भन्ने शब्दहरुको सट्टा "पितृत्व र मातृत्वको" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६), (७) र (८) थपिएका छन् :-

"(४) संवत् २०६५ साल मङ्सिर ९ गतेभित्र निवेदन दिई नेपालको संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर सोह्र वर्ष पुरा भए पछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।

(५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाबु विदेशी नागरिक भएको व्यक्तिले दफा ५ बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्नेछ ।

(७) यस दफा बमोजिम नागरिकता प्राप्त गरेको कुनै व्यक्तिको बाबु विदेशी रहेको ठहरेमा त्यस्तो व्यक्तिले वंशजको आधारमा लिएको नागरिकता कायम रहने छैन र निजले बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको भनी स्वघोषणा गरेमा निजको नागरिकतालाई अङ्गीकृत नागरिकतामा परिणत गरिनेछ ।

(८) उपदफा (३) बमोजिम नागरिकता प्राप्त गरेको व्यक्तिको बाबु वा आमा पत्ता लागेमा निजले प्राप्त गरेको नागरिकता सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) यस ऐन बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त हुने भएमा सोही बमोजिमको विवरण अद्यावधिक गरी निजको नागरिकता कायम गर्ने,

(ख) यस ऐन बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त हुने भएमा निजको नागरिकतालाई अङ्गीकृत नागरिकतामा परिणत गर्ने,

(ग) यस ऐन बमोजिम नेपालको नागरिकता प्राप्त नहुने भएमा निजले पाएको नागरिकता रद्द गर्ने ।""

४. **मूल ऐनको दफा ५ मा संशोधन**: मूल ऐनको दफा ५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले नेपालको अङ्गीकृत नेपाली नागरिकता लिन चाहेमा वैवाहिक सम्बन्ध कायम भई नेपालमा निरन्तर सात वर्षसम्म स्थायी बसोवास गरेको रहेछ भने निजले नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ।"

(२) उपदफा (१) पछि देहायका उपदफा (१क), (१ख), (१ग), (१घ) र (१ङ) थपिएका छन् :-

"(१क) उपदफा (१) बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न चाहने विदेशी महिलाले नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएको विवाह दर्ता प्रमाणपत्र तथा नेपालमा निरन्तर रुपमा स्थायी बसोवास गरेको सम्बन्धित वडा कार्यालयको सिफारिस र आफुले विदेशी नागरिकता वा सो सरहको राष्ट्रियता जनाउने कुनै प्रमाणपत्र नलिएको भए सोको प्रमाण र त्यस्तो नागरिकता वा प्रमाणपत्र लिएको भए परित्याग गर्ने कारबाही चलाएको प्रमाण सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(१ख) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलालाई उपदफा (१) बमोजिम नागरिकता नपाएसम्मको लागि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी तोकिए बमोजिमको अधिकारीले तोकिएको प्रकृया पुरा गरी स्थायी आवासीय अनुमति पत्र प्रदान गर्न सक्नेछ।

(१ग) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१ख) बमोजिम स्थायी आवासीय अनुमति पत्र लिएकी महिलाको हकमा देहायको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोग गर्न नागरिकता प्रमाण पत्रको सट्टामा स्थायी आवासीय अनुमतिपत्र प्रयोग गरिनेछ र यसरी सो अनुमति पत्र प्रयोग गर्दा नागरिकता नम्बर उल्लेख गर्नु पर्ने स्थानमा त्यस्तो अनुमतिपत्रको नम्बर उल्लेख गरिनेछ:-

(क) चल अचल सम्पत्ति आर्जन गर्न, भोग गर्न, बेचबिखन गर्न, व्यावसायिक लाभ प्राप्त गर्न र सम्पत्तिको अन्य कारोबार गर्न,

(ख) पेशा गर्न, उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्न,

(ग) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईसराई जस्ता व्यक्तिगत घटना दर्ता गर्न,

(घ) सेवाग्राहीको हैसियतले कानून बमोजिमका निकायबाट प्राप्त गर्ने सुविधा, छुट जस्ता सेवा उपयोग गर्न,

(ङ) कुनै पनि शैक्षिक संस्थामा अध्ययन गर्न, प्रमाणपत्र प्राप्त गर्न र अन्य आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्राप्त गर्न,

(च) राष्ट्रिय परिचय पत्र प्राप्त गर्न।

(१घ) यस उपदफा बमोजिम प्राप्त गरेको स्थायी आवासीय अनुमति पत्र यस ऐन बमोजिम अङ्गीकृत नागरिकता प्राप्त भए पश्चात् स्वतः खारेज हुनेछ।

(१ङ) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले उपदफा (१) बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्ने अवधि भन्दा अघि निजको सम्बन्ध विच्छेद भएमा वा पतिको मृत्यु भएमा समेत त्यस्ता महिलालाई सो उपदफा बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ।"

(३) उपदफा (२) मा रहेका “जन्मिएका छोरा छोरीको” भन्ने शब्दहरुको सट्टा “जन्मिएका व्यक्तिको” भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका “निजको नेपालमा जन्म भई” भन्ने शब्दहरु झिकिएका छन् ।

(४) उपदफा (३) को खण्ड (ख) मा रहेका “जन्म भई” भन्ने शब्दहरु झिकिएका छन् ।

(५) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

“(३क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट नेपालमा जन्मिएको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत निजका बाबु र आमा दुवै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ ।”

(६) उपदफा (४) को खण्ड (क) मा रहेका “कुनै भाषा” भन्ने शब्दहरुको सट्टा “कुनै मातृभाषा” भन्ने शब्दहरु राखिएका छन् ।

(७) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ :-

“(७) उपदफा (१ख) बमोजिम स्थायी आवासीय अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्र हित विपरीत कार्य गरेको ठहरेमा नेपाल सरकारले त्यस्तो व्यक्तिले प्राप्त गरेको स्थायी आवासीय अनुमतिपत्र रद्द गर्नेछ ।”

३. विधेयकको दफा ५ बाट मूल ऐनमा थप गर्ने भनिएको दफा ७क. को,-

(१) उपदफा (१) मा रहेका “राजनीतिक अधिकार बाहेक” भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (२) मा रहेको “मन्त्रालय” भन्ने शब्द पछि “वा मन्त्रालय मातहतको तोकिएको निकाय” भन्ने शब्दहरु थपी सो उपदफाको खण्ड (ख) मा रहेका “नागरिकता लिई परित्याग गरेकोमा त्यसको” भन्ने शब्दहरुको सट्टा “नागरिकता लिएको भए सो नागरिकता परित्याग गरेको” भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउने :-

“(३) यस दफा बमोजिम गैर आवासीय नेपाली नागरिकता पाउने व्यक्तिले नेपाली वा नेपालमा बोलिने अन्य कुनै मातृभाषा बोल्न जानेको हुनु पर्नेछ ।”

(४) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (४) मा रहेको “मन्त्रालयले” भन्ने शब्दको सट्टा “मन्त्रालय वा उपदफा (२) बमोजिम तोकिएको निकायले” भन्ने शब्दहरु राख्ने ।

(५) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (४) पछि देहायका उपदफा (५), (६) र (७) थप्ने :-

“(५) उपदफा (४) बमोजिम गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिलाई अनुसूची बमोजिम शपथ गराउनु पर्नेछ ।

(६) साविकमा नेपालको नागरिकता लिएको व्यक्तिलाई गैर आवासीय नेपाली नागरिकता दिँदा निजले पहिले लिएको नेपाली नागरिकताको प्रमाणपत्र खिची यस दफा बमोजिमको नागरिकता दिनु पर्नेछ ।

(७) यस दफा बमोजिम गैर आवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्र हित विपरीत कार्य गरेको ठहरेमा नेपाल सरकारले त्यस्तो व्यक्तिले प्राप्त गरेको गैर आवासीय नेपाली नागरिकता रद्द गर्नेछ ।"

४. विधेयकको दफा ६ को सट्टा देहायको दफा ६ राख्ने :-

"६. **मूल ऐनको दफा ८ मा संशोधन** : मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(ख) खण्ड (क) पछि देहायका खण्ड (क१), (क२) र (क३) थपिएका छन् :-

"(क१) विदेशी नागरिकसँग विवाह गरेका नेपाली नागरिकको हकमा पति वा पत्नीको देशको नागरिकता वा नागरिकता सरहको राष्ट्रियता जनाउने प्रमाणपत्र नलिएको भए सोको प्रमाण र त्यस्तो नागरिकता वा प्रमाणपत्र लिएको भए त्याग गरेको प्रमाण,

(क२) नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको व्यहोराको निजको आमाले गरेको स्वघोषणा,

तर निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भईसकेको वा होस ठेगानमा नरहेको अवस्थामा नागरिकता लिने व्यक्तिले गरेको स्वघोषणा संलग्न गर्नु पर्नेछ ।

(क३) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल भित्र फेला परेको पितृत्व र मातृत्व ठेगान नभएको देहायको व्यक्तिको हकमा देहायका कागजात:-

(१) बालमन्दिर, अनाथालय जस्ता नेपाल सरकारद्वारा मान्यता प्राप्त संस्थामा हुर्केको भए त्यस्तो संस्थाको सिफारिस र सोको आधारमा सम्बन्धित स्थानीय तहले गरेको सिफारिस,

(२) कानूनी संरक्षकद्वारा हुर्काइएको भए त्यस्तो संरक्षकले गरेको सनाखत सहित निजको नागरिकताको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहको सिफारिस,

(३) अन्य तरिकाले हुर्केको भए सम्बन्धित स्थानीय तहको सिफारिस ।"

(२) उपदफा (२) झिकिएको छ ।

(३) उपदफा (३) मा रहेका "उपदफा (१) वा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१)" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) कुनै व्यक्तिले उपदफा (१) बमोजिमका प्रमाणहरु निवेदनसाथ पेश गर्न नसकेको अवस्थामा तोकिएको अधिकारीले सम्बन्धित निवेदकको बसोबास स्थलमा स्थलगत सरजमिन गरी निवेदकलाई चिन्ने सोही वडामा बसोबास गर्ने नेपालको नागरिकताको प्रमाणपत्र लिइसकेका कम्तीमा दुईजना व्यक्ति र सम्बन्धित स्थानीय तहका कम्तीमा एक जना पदाधिकारी वा सदस्यले सरजमिन स्थलमै गरेको सनाखत र सम्बन्धित वडा समितिले गरेको सिफारिसको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।"

(५) उपदफा (६) मा रहेको "निजलाई" भन्ने शब्द पछि "नागरिकताको प्रमाणपत्र नपाउने कारण समेत खुलाई" भन्ने शब्दहरु थपिएका छन् ।"

५. विधेयकको दफा ७ बाट मूल ऐनमा थप गर्ने भनिएको दफा ८क. को उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थप्ने :-

"(३) उपदफा (२) बमोजिम जारी भएको म्याद भित्र त्यस्तो परिवारको सदस्य सम्बन्धित अधिकारी समक्ष उपस्थित भई सनाखत गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो परिवारको सदस्यले सनाखत गर्न नसक्ने कुनै आधार वा कारण भएमा सोको मनासिब कारण सहित सम्बन्धित अधिकारी समक्ष लिखित जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको म्यादभित्र परिवारको सदस्य उपस्थित नभएको, उपदफा (४) बमोजिम सनाखत गर्न नसक्ने व्यहोराको जानकारी दिएको वा सनाखत गर्न इन्कार गरेको अवस्थामा समेत सम्बन्धित अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा नागरिकताको लागि निवेदन दिने व्यक्ति त्यस्तो परिवारको सदस्य रहेको कुरा कानूनी तथ्यबाट प्रमाणित भई यस ऐन बमोजिम नागरिकता पाउन योग्य देखिएमा निजलाई सोही परिवारको सदस्यको हैसियतमा नागरिकता दिनु पर्नेछ ।"

६. विधेयकको दफा ७ बाट मूल ऐनमा थप गर्ने भनिएको दफा ८ख. को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउने :-

"(३) उपदफा (२) बमोजिम लिङ्गको महलमा "अन्य" उल्लेख हुने व्यक्तिको हकमा नागरिकताको अभिलेखमा मान्यता प्राप्त चिकित्सकको सिफारिसको आधारमा तेस्रो लिङ्गीको लैङ्गिक पहिचान खुलाउनु पर्नेछ ।"

(२) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थप्ने :-

"(५) यो दफा प्रारम्भ हुनु अघि वंशजको आधारमा दिइएको नागरिकता तथा अङ्गीकृत नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्तिको स्थायी ठेगाना रहेको प्रदेशको पहिचान खुलाई तोकिए बमोजिम त्यस्तो नागरिकताको प्रमाणपत्र अद्यावधिक गरिनेछ ।

(६) यस ऐन बमोजिम नागरिकता लिने व्यक्तिले चाहेमा सम्बन्धित समुदाय भित्रको थर वा कुनै उपनाम राखी तोकिए बमोजिम नागरिकताको प्रमाणपत्र दिन सकिनेछ ।”

७. विधेयकको दफा ९ बाट संशोधन गर्ने भनिएको मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राख्ने :-

“१३. नेपाली नागरिकताको एक भन्दा बढी प्रमाणपत्र लिन नहुने : (१) कसैले पनि तोकिए बमोजिम प्रतिलिपि लिन बाहेक नेपाली नागरिकताको एकभन्दा बढी प्रमाणपत्र लिन हुँदैन ।

तर नेपालको एक ठाउँबाट बसाइ सरी नेपालकै अर्को ठाउँमा गएको व्यक्तिले हाल बसोबास गरेको स्थानको ठेगानाबाट नागरिकता लिन चाहेमा सम्बन्धित कार्यालयले निजले पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिले लिएको नागरिकता हराएको, नष्ट भएको वा काबु बाहिरको परिस्थिति परी फेला नपरेको कारणले यो दफा प्रारम्भ हुनु अघि अर्को नागरिकताको प्रमाणपत्र लिएको व्यक्तिले यो दफा प्रारम्भ भएको छ महिना भित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सोको जानकारी गराउनु पर्नेछ । यसरी जानकारी गराउँदा पहिले लिएको नागरिकता फेला परेमा सो नागरिकताको प्रमाणपत्र समेत बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी गराएमा जिल्ला प्रशासन कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो नागरिकताको प्रमाणपत्र रद्द गरी अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।”

८. विधेयकको दफा ११ को सट्टा देहायको दफा ११ राख्ने :-

“११. **मूल ऐनको दफा १७ मा संशोधन** : मूल ऐनको दफा १७ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

“(१क) उपदफा (१) बमोजिम उमेर सच्याउन चाहने व्यक्तिले नागरिकताको प्रमाणपत्र जारी भएको एक वर्ष भित्र एक पटकको लागि र अन्य विवरण सच्याउन चाहने व्यक्तिले एक पटकको लागि सम्बन्धित अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

तर यो उपदफा प्रारम्भ हुनु अघि लिएको नागरिकताको हकमा त्यसरी उमेर सच्याउनु पर्ने भएमा यो उपदफा प्रारम्भ भएको मितिले एक वर्ष भित्र एक पटकको लागि त्यस्तो निवेदन दिन सक्नेछ ।”

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

“(३) विवाह वा सम्बन्ध विच्छेद भएकी महिलाले थर, वतन वा अन्य विवरण संशोधन गरी आफ्नो आमा वा बाबुको थर, वतन वा अन्य विवरण राख्न चाही निवेदन दिएमा तोकिएको अधिकारीले आवश्यक कुरा बुझी पहिले लिएको

नागरिकताको प्रमाणपत्र खिची एक पटकको लागि थर, वतन वा विवरण संशोधन गरी अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।"

(३) उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६) र (७) थपिएका छन् :-

"(४) नेपाली नागरिकताको प्रमाणपत्र लिई सकेका व्यक्तिले पछि लिङ्ग परिवर्तन गरी परिवर्तित लैङ्गिक पहिचान सहितको नागरिकताको प्रमाणपत्र लिन लिङ्ग परिवर्तन भएको प्रमाण सहित निवेदन दिएमा सम्बन्धित अधिकारीले आवश्यक सबुद प्रमाण बुझी पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची सोको सट्टामा नाम तथा लैङ्गिक पहिचानको विवरण परिवर्तन गरी अर्को प्रमाणपत्र दिन सक्नेछ ।

(५) यो उपदफा प्रारम्भ हुँदाका बखत नागरिकताको प्रमाणपत्र लिई सकेको व्यक्तिले नागरिकताको प्रमाणपत्रमा रहेको जात जनाउने शब्दको सट्टा सो समुदायभित्रको थर राख्न चाहेमा एक पटकको लागि तोकिए बमोजिम निवेदन दिन सक्नेछ र यसरी निवेदन दिएमा सम्बन्धित अधिकारीले आवश्यक सबुद प्रमाण बुझी पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची सोको सट्टामा अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।

(६) यो उपदफा प्रारम्भ हुनु भन्दा अघि कसैले लिएको नागरिकताको प्रमाणपत्रमा बाबुको पहिचान नभएको व्यहोरा उल्लेख भएकोमा त्यस्तो नागरिकता प्राप्त व्यक्तिले बाबुको नाम रहेको महलमा कुनै व्यहोरा उल्लेख नगरी नागरिकताको प्रमाणपत्र लिन चाहेमा तोकिए बमोजिम निवेदन दिन सक्नेछ र यसरी निवेदन दिएमा सम्बन्धित अधिकारीले आवश्यक सबुद प्रमाण बुझी पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची सोको सट्टामा नागरिकताको प्रमाणपत्रमा बाबुको नामको महलमा कुनै व्यहोरा उल्लेख नगरी अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।

(७) धर्मपुत्र वा धर्मपुत्री भएको वा बदर भएको कारणले कुनै व्यक्तिले थर वा बाबु, आमाको नाम, थर संशोधन गर्न निवेदन दिएमा तोकिएको अधिकारीले आवश्यक कुरा बुझी पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची विवरण सच्याई अर्को नागरिकताको प्रमाणपत्र दिनु पर्नेछ ।""

९. विधेयकको दफा १३ को सट्टा देहायको दफा १३ राख्ने :-

"१३. **मूल ऐनको दफा २१ मा संशोधन** : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छ :-

"२१. **दण्ड सजाय** : (१) कुनै विदेशीले नेपाली नागरिक भएको दाबी गरी झुट्टो विवरण दिई नेपाली नागरिकता प्राप्त गरेमा पाँच वर्ष देखि सात वर्षसम्म कैद र तीन लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिबाना हुनेछ । झुट्टो विवरण दिई नागरिकता प्राप्त गरे वापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वतः रद्द हुनेछ ।

(२) कसैले विदेशीलाई झुट्टो विवरणका आधारमा नागरिकता दिलाउने कार्यमा सनाखत वा सिफारिस गरेमा त्यस्तो सनाखत वा सिफारिस गर्ने

व्यक्तिलाई तीन वर्ष देखि पाँच वर्षसम्म कैद र एक लाख रुपैयाँ देखि तीन लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) कुनै स्वदेशी व्यक्तिले झुट्टो विवरण दिई नागरिकताको प्रमाणपत्र प्राप्त गरेमा वा झुट्टो विवरण दिई दफा १७ बमोजिम विवरण सच्याएमा छ महिना देखि तीन वर्षसम्म कैद वा पचास हजार रुपैयाँ देखि दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(४) कसैले कुनै स्वदेशी व्यक्तिलाई झुट्टो विवरणका आधारमा नागरिकता दिलाउने कार्यमा सनाखत वा सिफारिस गरेमा त्यस्तो व्यक्तिलाई छ महिना देखि एक वर्ष छ महिनासम्म कैद र पच्चीस हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(५) कसैले नेपाली नागरिकताको किर्ते प्रमाणपत्र खडा गरेमा वा बनाई प्रचलनमा ल्याएमा त्यस्तो कार्य गर्ने, गराउने व्यक्तिलाई पाँच वर्ष देखि सात वर्षसम्म कैद र तीन लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(६) कसैले दफा ३ को उपदफा (७) बमोजिम गरेको स्वघोषणा झुट्टा ठहरेमा त्यस्तो झुट्टा स्वघोषणा गर्ने व्यक्तिलाई पाँच वर्षदेखि सात वर्षसम्म कैद र एक लाख रुपैयाँ देखि तीन लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(७) कसैले दफा ८ को उपदफा (१) को खण्ड (क२) बमोजिम गरेको स्वघोषणा झुट्टा ठहरेमा त्यस्तो झुट्टा स्वघोषणा गर्ने व्यक्तिलाई छ महिना देखि एक वर्ष छ महिनासम्म कैद र पच्चीस हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

तर त्यस्तो स्वघोषणा गर्दा बदनियतपूर्ण नभई आफुलाई प्राप्त भएको जानकारीको आधारमा असल नियतले गरेको देखिएमा निजलाई यस उपदफा बमोजिम सजाय हुने छैन ।

(८) दफा ८ को उपदफा (१) को खण्ड (क२) बमोजिम स्वघोषणा गरे पछि बाबुको पहिचान खुल्न आएमा र निज बाबु रहेको कुराको पहिचान हुन नसक्नुमा त्यस्तो बावुको बदनियत रहेको देखिएमा निजलाई समेत उपदफा (७) बमोजिम सजाय हुनेछ ।

(९) कसैले दफा १३ विपरीत नेपाली नागरिकताको एक भन्दा बढी प्रमाणपत्र लिएमा त्यस्तो व्यक्तिलाई तीन वर्ष देखि पाँच वर्षसम्म कैद र एक लाख रुपैयाँ देखि तीन लाख रुपैयाँसम्म जरिबाना हुनेछ । यसरी नेपाली नागरिकताको एक भन्दा बढी प्रमाणपत्र लिए वापत यस उपदफा बमोजिम सजाय भएमा निजले लिएको नागरिकताको प्रमाणपत्रको यथार्थता बुझी पहिले लिएको नागरिकता कायम गरी अन्य नागरिकता रद्द गर्नु पर्नेछ ।

तर पहिले लिएको नागरिकतामा झुट्टो विवरण रहेको ठहर भएमा सही विवरण भएको नागरिकता कायम गरी अन्य नागरिकता रद्द गर्नु पर्नेछ ।

(१०) उपदफा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनु अघि नष्ट भएको, हराएको वा काबु बाहिरको परिस्थिति परी फेला नपरेको कारण अर्को नागरिकता लिएका व्यक्तिले दफा १३ को उपदफा (२) बमोजिम जानकारी गराएमा र निजले पहिले लिएको नागरिकताको दुरुपयोग गरेको नदेखिएमा निजलाई एक भन्दा बढी नागरिकता लिए वापत सजाय हुने छैन ।

(११) कसैले दफा १० बमोजिम कायम नरहेको नेपाली नागरिकताको प्रयोग गरी कुनै काम गरेमा तीन वर्ष देखि पाँच वर्षसम्म कैद र एक लाख रुपैयाँ देखि तीन लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

तर यो दफा प्रारम्भ हुनु अघि विदेशको नागरिकता पाएका व्यक्तिले यो दफा प्रारम्भ भएको एक वर्षभित्र नेपाली नागरिकता परित्याग गरेमा त्यस्तो व्यक्तिलाई यस उपदफा बमोजिम सजाय हुने छैन ।

(१२) कुनै व्यक्ति मनासिब कारण बेगर दफा ८क. को उपदफा (२) बमोजिम जारी गरिएको म्याद भित्र सनाखत गर्न उपस्थित नभएमा तीन महिना देखि छ महिनासम्म कैद र दश हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(१३) कसैले सक्कल नागरिकताको प्रमाणपत्रमा भएको विवरणमा आफूखुशी थपघट गरेमा वा सच्याएमा त्यस्तो कार्य गर्ने, गराउने व्यक्तिलाई छ महिनासम्म कैद वा दश हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(१४) जानी जानी वा बदनियत राखी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत हुने गरी नागरिकताको प्रमाणपत्र दिने कर्मचारीलाई यस दफाको सम्बन्धित उपदफा बमोजिमको सजाय र प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत हुनेछ ।

(१५) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल हुने गरी अन्य कार्य गरेमा छ महिनासम्म कैद वा दश हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(१६) यस दफा अन्तर्गत सजाय हुने कसूर गर्न उद्योग गर्ने वा मद्दत गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(१७) कसैले झुट्टा स्वघोषणा गरी नागरिकता प्राप्त गरे वापत उपदफा (६) वा (७) बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वतः रद्द हुनेछ ।"

१०. विधेयकको दफा १३ पछि देहायको दफा १४ र १५ थपी दफाक्रम मिलाउने :-

"१४. **मूल ऐनमा दफा २३क. थप** : मूल ऐनको दफा २३ पछि देहायको दफा २३क. थपिएको छ :-

"२३क. **निर्देशिका वा कार्यविधि बनाउन सक्ने** : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।"

१५. **मूल ऐनको अनुसूचीमा संशोधन** : मूल ऐनको अनुसूचीको सट्टा संलग्न अनुसूची राखिएको छ ।"

११. विधेयकको दफा १४ दफाक्रम मिलाउँदा कायम हुने दफा १६ मा रहेको "दफा ४" भन्ने शब्दहरुको सट्टा "दफा ४ र २२" भन्ने शब्दहरु राख्ने ।

"अनुसूची

(दफा ५ को उपदफा (६) र दफा ७क. को उपदफा (५) सँग सम्बन्धित)

शपथ

म ..................... ईश्वरको नाममा शपथ लिन्छु/सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि नेपाल राज्य, प्रचलित संविधान र कानूनप्रति बफादार रही श्रद्धा एवं निष्ठापूर्वक नेपाली नागरिक/गैर आवासीय नेपाली नागरिकको रुपमा आफ्नो कर्तव्य पालना गर्नेछु ।

दस्तखत :

नाम, थर :

मिति : वतन :"